संघीय संसद
राष्ट्रिय सभा

# दिगो विकास तथा सुशासन समिति

मिति : २०७५/०९/२६
बैठक संख्या : १३

## निर्णय

समितिको आजको बैठकमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग भएको छलफल र मिति २०७५/०९/२४ गते वन तथा वातावरण मन्त्रालयसँग भएको छलफलका आधारमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र वन तथा वातावरण मन्त्रालयलाई देहाय बमोजिम निर्देशन दिने :

क) वन तथा वातावरण मन्त्रालयको हकमा,

१) वन, वातावरण तथा दिगो विकासका लक्ष्य सम्बन्धी कुनै पनि विषयमा अन्तर्राष्ट्रियस्तरमा पेश हुने प्रतिवेदन पेश गर्नु अघि यस समितिमा छलफल गरेरमात्र पेशगर्ने व्यबस्था मिलाउने,

२) दिगो विकास लक्ष्य नं. ६, १३ र १५अनुरुपका राष्ट्रिय लक्ष्य हासिल गर्न रणनितिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने र दिगो विकासको १ र २ नं. को लक्ष्यलाई सघाउ पुऱ्याउन वन तथा जंगललाई रोजगारसँग आवद्ध गरी आयमूलक बनाउन पहल गर्ने,

३) दिगो विकाससँग सम्बन्धित विषयगत क्षेत्रको कार्यान्वयन पक्षलाई tracking गर्न प्रभावकारी अनुगमनको व्यवस्था मिलाउने,

४) COP24 मा बनेको Rule Book को अवधारणालाई प्रदेश र स्थानीय तहका योजनामा समावेश गराउन र पेरीस सन्धि,२०१५, सेन्डाई फ्रेमवर्क, NDC,2016 को कार्यान्वयन गर्दा स्थानीय तहसम्म सामञ्जस्यता कायम गराई कार्यान्वयन गराउने,

५) जलवायु परिवर्तन नीतिलाई समयानुकुल परिमार्जन गर्ने,

६) राष्ट्रिय अनुकूलन योजनालाई यथाशक्य चाँडो तर्जुमा गर्ने,

७) गुणस्तरीय बोटबिरुवामा जोड दिई वृक्षारोपण अभियानलाई देशव्यापी बनाउने ,

८) संघ, प्रदेश र स्थानीय तहको वनको विकासका लागि समन्वयात्मक भूमिका खेल्ने र वनमा ढलेपढेका काठहरुलाई स्थानीय समुदायले उपभोग गर्ने गरी कार्य अगाडि बढाउने,

दिगो विकास तथा सुशासन समिति

९) बहुमुल्य जडिबुटीको संरक्षण तथा उपयोग गर्दै जडिबुटीलाई राष्ट्रिय आयसँग आवद्ध गर्ने विषय समेत सम्वोधन गर्नेगरी जडिबुटी सम्बन्धी राष्ट्रिय नीतिलाई समयानुकूल परीमार्जन गर्ने,

१०) उल्लेखित निर्देशनहरुको कार्यान्वयनको प्रगति विवरण यस समितिलाई प्रत्येक ३/३ महिनामा उपलब्ध गराउने ।

ख) राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको हकमा,

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको जिम्मेवारी भित्रका पुनर्निर्माण सम्बन्धी कार्यहरु यथासमयमा सम्पन्न गर्न र सिंहदरबार, संसदभवन, धरहरा, रानीपोखरी लगायतका राष्ट्रिय सम्पदाहरुको काम अविलम्ब प्रारम्भ गरी ३ महिनाभित्र सोको प्रगति विवरण यस समितिलाई उपलब्ध गराउने ।

दिगो विकास तथा सुशासन समिति